बैठक संख्या: १५

श्री

आज मिति २०७९ साल चैत्र २८ गते विहान ७:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री ब्रेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी ~~देवी~~ न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | छत्र बहादुर थापा जोशी | |
| २९. | | पितम्बर [illegible] | |
| ३०. | | | |

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. नगरपालिकाका जग्गाहरुको जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गर्ने सम्बन्धमा ।

३. फोहोरमैला प्रशोधन केन्द्र निर्माण सम्बन्धमा ।

४. विविध ।

(क) प्रदेश लोक सेवा आयोगको पत्र सम्बन्धमा ।

(ख) भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा ।

(ग) पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

**निर्णय :**

**निर्णय नं. १:**

- बर्दघाट नगरपालिका नगर कार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो ।

**निर्णय नं. २**

क) यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा साविक गा.वि.स.को स्वामित्वमा रहेका जग्गाहरुको हाल सम्म जग्गाधनि दर्ता प्रमाणपुर्जा प्राप्त नभएकोले त्यस्ता प्रकृतिका जग्गाहरु पहिचान गरी यस नगरपालिकाको नाममा जग्गाधनि दर्ता प्रमाणपुर्जा प्राप्त गर्ने प्रयोजनार्थ विभिन्न वडाहरुमा समन्वय गरी वडागत रुपमा प्राप्त भएको तथ्याङ्क संकलन गर्न वडा नं ९ का वडा अध्यक्ष श्री चन्द्रकान्त चापागाईलाई अख्तियारी प्रदान गर्ने ।

ख) बर्दघाट नगरपालिका वडा नं ९ अन्तर्गत साविक पञ्चनगर गा.वि.स.को नाममा फिल्डबुक कायम भई सोही समयदेखि नै गा.वि.स.को हकभोगमा रहेको देहायवमोजिमको जग्गाको हालसम्म जग्गाधनि दर्ता प्रमाणपुर्जा प्राप्त नभएकोले उल्लिखित जग्गाको जग्गाधनि दर्ता प्रमाणपुर्जा प्राप्त गर्न भूमिसुधार तथा मालपोत कार्यालय, परासी र नापी कार्यालय, परासीमा अनुरोध गर्ने । उक्त कार्य सम्पादन गर्न वडा नं ९ का वडा अध्यक्ष श्री चन्द्रकान्त चापागाईलाई अख्तियारी प्रदान गर्ने ।

तपशिल

| जिल्ला | नगरपालिका | वडा नं | कि.नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| नवलपरासी | साविक पञ्चनगर गा.वि.स. हाल बर्दघाट नगरपालिका वडा नं ९ | २/ख | १८८ | १-१०-०-० | |

**निर्णय नं. ३**

क) बर्दघाट नगरपालिका वडा नं ४ स्थित लोकमार्गदेखि उत्तर तर्फको जंगलमा विगत लामो समयदेखिनै फोहोर संकलन तथा व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको बर्दघाट बजार विकास समितिले फोहोरमैला व्यवस्थापन गर्दै आएको क्षेत्रमा कहिले काहि फोहोर छरपष्ट देखिदा वरपर बसोबास गर्ने स्थानीयवासीहरु लाई समेत असर पुर्याइरहेको भनि बेलाबेलामा प्राप्त भएको जनगुनासोलाई मध्यनजर गर्दै यस नगरपालिकाले Zero Landfill Side को अवधारणा अनुसार फोहोरलाई श्रोतमा (कुहिने नकुहिने र सिसाजन्य) नै वर्गीकरण गरी फोहोर प्रशोधन गर्ने उद्धेश्यले चालु आर्थिक वर्ष २०७९/०८० मा संघीय सरकारबाट प्राप्त विशेष अनुदान तर्फको रु २ (दुई) करोडबाट प्रविधियुक्त सामाग्री सहितको प्रशोधन केन्द्र निर्माणस्थल सहित फोहोरमैला व्यवस्थापन गर्न बोलपत्र आह्वान भई बोलपत्रको मिति २०७९/११/ मा समाप्त भएको र साविकदेखि विसर्जनहुदै आएको ठाउँ वडा नं ४ को सामुदायिक वनमा स्थानीयवस्ती टोलविकास संस्था, पारिजात सामुदायिक वन उपभोक्ता समूह र बर्दघाट खानेपानी तथा सरसफाई उपभोक्ता संस्था लगायतको असहमति रहेकोहुदा उक्त आयोजना वडा नं १० स्थित श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा स्थानान्तरण गरी संस्थाले तोकेको स्थानमा निर्माण गर्ने । उक्त स्थानमा हुन सक्ने आधार नदेखिएमा टेण्डर प्रकृया रद्ध गर्ने ।

ख) यस नगरपालिका वडा नं ४ स्थित ल्याण्डफिल साईडको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नको लागि श्री डाइनिमिक रिसोर्सेज म्यानेजमेन्ट सर्भिसेज प्रा.लि. काठमाण्डौसंग सम्झौता भएकोमा उक्त संस्थाले तयार गरेको IEE मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस गर्न प्राविधिक समितिलाई जिम्मा दिइएको मस्यौदा प्रतिवेदन अनुमोदन गर्ने

ग) यस नगरपालिका वडा नं ५ स्थित औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) गर्नको लागि विशेष आर्थिक क्षेत्र प्राधिकरणको आर्थिक सहयोग र श्री एलाइड कन्सल्टेन्सी प्रा.लि, ललितपुर नेपालको प्राविधिक सहयोगमा उक्त संस्थाले तयार गरेको IEE मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस गर्न प्राविधिक समितिलाई जिम्मा दिइएको मस्यौदा प्रतिवेदन अनुमोदन गर्ने ।

**निर्णय नं. ४ विविध**

क) बर्दघाट नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलव्ध गराउने सम्वन्धमा व्यवस्था गर्न बनेको विद्येयक, २०७९ प्रदेश लोक सेवा आयोगको परामर्श प्राप्त गर्न पठाइएकोमा, आयोगको मिति २०७९/१२/२१ च.नं. ७६० को पत्र मार्फत विद्येयकको केही दफा संशोधन गरी राय परामर्श सहित विद्येयक स्वीकृत गर्न सैद्धान्तिक सहमति प्राप्त भएकोले बर्दघाट नगरपालिकाको मिति २०७९/११/२० को नगरसभाबाट नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन भएवमोजिम उक्त विद्येयक स्वीकृत गर्ने ।

ख) भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली २०७९ बमोजिम यस वर्दघाट नगरपालिका बाट तयार पारिएको भू-उपयोग क्षेत्र वर्गिकरणका आधार तथा मापदण्डको आधारमा तयार गरिएको भू-उपयोग क्षेत्र वर्गीकरणलाई वडागत रुपमा केही नक्सा/कित्ता छुट भएको समावेश गर्ने ।

ग) आर्थिक समितिबाट दफावार छलफल भई आएको "बर्दघाट पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" स्वीकृत गर्ने।